घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

**खण्ड : ४) जोमसोम, श्रावण ३२ गते, २०८० साल (संख्या : ४)**

## भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङको**
**सूचना**

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम घरपझोङ गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०८०**

**प्रस्तावनाः** गाउँपालिका क्षेत्रभित्रका बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता गरी बाल मैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी घरपझोङ गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**

(१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(छ) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद्लाई सम्झनुपर्छ ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको बालबालिका सम्बन्धी हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(झ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम प्रत्येक गाउँपालिकामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ञ) "बाल क्लब वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ बर्षसम्मका बालबालिकाले ऐनको दफा १० को आधारमा, नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार यस कार्यविधि बमोजिम गाउँपालिकामा दर्ता/सूचीकृत गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ ।

(ट) "बाल कोष" भन्नाले जोखिममा परेका तथा बिशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधिको दफा २० बमोजिम गाउँपालिकामा स्थापना गरिएको बाल कोष सम्झनु पर्छ ।

(ठ) "बाल गृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र प्रचलित कानून बमोजिम दर्ता भै परिषद्बाट अनमुति लिएर विशेष संरक्षणको आवश्कता भएका बालबालिका मध्ये ऐनको दफा ४९ बमोजिमको प्राथमिकताका आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्तिम विकल्पको रुपमा पठाइएका बालबालिकाको आवासीय संरक्षण प्रदान गर्ने र ऐनको दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनुपर्दछ ।

(ड) "बाल बालिका" भन्नाले १८ (अठार) बर्ष उमेर पुरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ढ) "बाल सञ्जाल" भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा गाउँपालिकामा दर्ता भएको सञ्जाल सम्झनु पर्छ ।

(ण) "बिशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(थ) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम गाउँपालिकामा नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी गाउँपालिकामा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवम् सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत जनाउनेछ ।

(द) "समिति" भन्नाले गाउँपालिकामा गठित गाउँ बाल अधिकार समिति सम्झनु पर्छ ।

(ध) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनु पर्छ ।

(न) "सेवा प्रदायक निकाय" भन्नाले गाउँपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र, विद्यालय, स्वास्थ्य चौंकी, प्रहरी चौंकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बालबालिका खोज तलास सेवा र बाल हेल्पलाइन जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनु पर्छ ।

## परिच्छेद — २
## उद्देश्य

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) गाउँपालिकामा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति गर्नु,

(ख) बालबालिकासँग सम्बन्धीत योजना र कार्यक्रमको कार्य सम्पादनमा सहजता ल्याउनु ।

## परिच्छेद-३
## बाल अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धन, प्रचलन परिपूर्ति गर्ने दायित्वको निर्वाह सम्बन्धी व्यवस्था

४. **बाल अधिकारको संरक्षणः** गाउँपालिका भित्रका बालबालिकाको अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ति ऐनको दफा ६४ र ६५, बालबालिका प्रतिको दायित्व निर्वाह ऐनको दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य ऐनको दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ ।

**५. बाल अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्थाः**

बाल अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धन गर्नका लागि देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था गरिनेछः-

(क) गाउँपालिका भित्रका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाण-पत्र पाउँने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरु अपनाइनेछ,

(ख) नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरु, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धीत सेवा सुविधा र आवश्यक बालमैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरु उपलव्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अनुगमन गर्ने गराउने कार्यहरु गरी बालबालिकाको स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ,

(ग) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेरावार, बेन्च, डेस्क टेबुल, उज्यालो कोठा र हावा राम्ररी आवतजावत हुने), कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहार, अस्वस्थ्य खाना लगायतका कार्यहरु निषेध गर्ने एवम् बालबालिकामैत्री र अपाङ्गतामैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारी सामाग्री तथा प्रारम्भिक उपचार बाकस, नियमित र अपाङ्गता भएका बालबालिकाको पहुँच योग्य भौतिक संरचना सहित बालमैत्री पठनपाठन, खेल मैदान, सबै अवस्थाका विद्यार्थीमैत्री खेलकूद र सामग्रीहरुको व्यवस्था गरिनेछ,

(घ) गाउँपालिका भित्रका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ,

(ङ) प्रत्येक विद्यालयमा बिद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरुको अनुगमन तथा मूल्याङ्कन गरी समिक्षा गरिनेछ,

(च) कम्तीमा प्रत्येक वडामा बाल पुस्तकालय, बाल सिर्जना केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ,

(छ) कुनै पनि विद्यालयको हाता भित्र तथा विद्यालय वरपर मदिरा, चुरोट तथा सूर्तीजन्य लगायतका सामाग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धीत सामाग्री प्रचारप्रसार गर्न लगायत १८ बर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामाग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ,

(ज) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि बाल संरक्षण मापदण्ड बनाई सहज देखिने गरी राख्ने र सो बमोजिमको व्यवस्था लागू गरिनेछ,

(झ) गाउँपालिका भित्रका सबै अवस्थाका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता भएका बालबालिका, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहिन, जोखिममा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचनाको तथ्याङ्क संकलन र अभिलेखीकरण गरी आवधिक रुपमा गाउँपालिकाको वेबसाइट मार्फत समेत सार्वजनिक गरिनेछ,

(ञ) बालबालिका बिरुद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बाल विवाह, बाल श्रम रोकथाम गरी अन्त्य गर्न, बाबुआमा विहीन, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको लागि विशेष पहल गर्ने,

(ट) बालबालिकासँग सम्बन्धित कुनै उजुरी तथा गुनासो सम्बोधनका लागि सहजीकरण गरिनेछ,

(ठ) बालबालिका विरुद्धको कसुर, बालबालिका विरुद्धको हिंसा र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, संरक्षण, राहत व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. सेवा १०९८ - दश नौ आठ) लगायत सम्बन्धीत सरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारिसे फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापन, जोखिमपूर्ण श्रममा संलग्न, बेचबिखन तथा ओसारपसारमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. सेवा १०४) सँग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ,

(ड) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई बाल अधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनशीलता र बालमैत्री स्थानीय शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ,

(ढ) गाउँपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धीत कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

६. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नु पर्नेः** गाउँपालिका, वडा कार्यालय, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिका सम्बन्धी काम गर्दा बालबालिकाको सर्वोत्तम हित तथा उच्चतम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

७. **बालमैत्री र अपाङ्गतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः** बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने गाउँपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा सम्भार गर्दा बालमैत्री एवम् अपाङ्गतामैत्री हुने गरी निर्माण गरिने व्यवस्था गरिनेछ ।

## परिच्छेद-४

## बाल कल्याण अधिकारीको नियुक्ति र समाजसेवी तथा बाल मनोविज्ञ सूचीकरण सम्बन्धी व्यवस्था

८. **बाल कल्याण अधिकारीको नियुक्तिः** (१) ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरी एक जना बाल कल्याण अधिकारीको नियुक्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नियमावलीको नियम ८१ को उपनियम (४) बमोजिम बाल कल्याण अधिकारी तोकिनेछ ।

९. **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** (१) बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ऐनको दफा ६१ को उपदफा (१), नियमावलीको नियम ८२, ऐन तथा नियमावलीमा उल्लेखित काम, कर्तव्यका अतिरिक्त गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१०. **समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्तिः** समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

## परिच्छेद-५

## बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाः

११. **बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाः** ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था गर्दा यस्ता बालबालिकालाई सर्वोत्तम हित हुने गरी संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको प्राथमिकताको आधार एवम् नियमावलीको नियम ५३ देखि ६७ सम्मको व्यवस्था बमोजिम गरिनेछ ।

## परिच्छेद-६

## बाल सहभागिता तथा बाल क्लब, बाल सञ्जाल र बाल संस्था सञ्चालन

१२. **बाल सहभागिताको अभ्यासः** (१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरुको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ ।

(२) आवधिक र बार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुमा सबै अवस्थाका बालबालिका (बालक, बालिका, सबै किसिमका अपाङ्गता भएका बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि) को सहभागिता सुनिश्चित गरिनेछ ।

(३) बाल सहभागिता प्रवर्द्धनका लागि गाउँपालिकाबाट देहायका उपायहरु समेत अवलम्बन गरिनेछः

(क) बालबालिकासँग सम्बन्धीत सरोकारका बिषयमा कानूनले निषेध गरेको बाहेक उनीहरुले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ ।

(ख) गाउँपालिका भित्र विद्यालयहरु बीच वडा समितिहरु बीच अतिरिक्त क्रियाकलापहरु (खेलकूद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, निबन्ध, हिज्जे, चित्रकला, सांस्कृतिक कार्यक्रम आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुने गरी प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(४) बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायबाट हुन सक्ने देहायका कार्यहरु गर्नमा रोक लगाइनेछः-

(क) बालबालिकाको अध्ययनमा नियमित रुपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) बालबालिकालाई बाबुआमा, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित र्‍याली, जुलुस, सभा आदिमा सहभागी गराउन,

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफुले गर्नु पर्ने काम बालबालिका वा बाल क्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउन ।

१३. <u>बाल क्लब वा संस्था दर्ता, सञ्चालन तथा नवीकरण, बाल सञ्जाल गठन र काम कर्तव्य लगायतका व्यवस्थाहरु:</u> (१) बाल क्लब वा संस्था दर्ता, सञ्चालन तथा नवीकरण र काम कर्तव्य लगायतका यस सम्बन्धी कार्यहरु ऐनको दफा ८, ९ र १० तथा नियमावलीको परिच्छेद-२ बमोजिम हुनेछ ।

(२) बाल सञ्जाल गठनः (क) गाउँपालिकामा दर्ता भएका बालक्लबहरुको छाता संगठनको रुपमा पालिका स्तरीय एक बाल सञ्जाल गठन गरिनेछ ।

(ख) बाल सञ्जाल गठन गर्दा गाउँपालिकामा रहेका सबै बालक्लबहरुबाट समानुपातिक तथा समावेशी रुपमा प्रतिनिधित्व रहने गरी बढीमा ११ सदस्यीय पदाधिकारीहरु रहनेछ ।

(३) यो कार्यविधि लागू हुनु भन्दा अगाडि स्थापना भै सन्चालनमा रहेका बिद्यालयस्तरका बालक्लबहरु तथा गाउँपालिका स्तरीय बालसञ्जाललाई यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ । सो बालक्लबहरुलाई सूचीकृत गरी अनुसूची-४ बमोजिम प्रमाण पत्र दिईनेछ।

## परिच्छेद-७

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

१४. <u>स्थानीय बाल अधिकार समितिको गठन:</u> ऐनको दफा ६० को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको उपाध्यक्षको अध्यक्षतामा तपसिलका सदस्यहरु रहने गरी गाउँ बाल अधिकार समिति हुने र यस समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः-

<u>घरपझोङ गाउँ बाल अधिकार समिति</u>

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष | -अध्यक्ष |
| (ख) | गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य | -सदस्य |
| (ग) | गाउँपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रध्यानाध्यापक मध्ये १ जना | -सदस्य |
| (घ) | गाउँपालिकाले तोकेको बाल अधिकार सम्पर्क शिक्षक मध्ये १ जना | -सदस्य |
| (ङ) | गाउँपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञ मध्ये १ जना | -सदस्य |
| (च) | गाउँपालिकाको महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख, शिक्षा शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, प्राविधिक शाखा प्रमुख ४ जना | -सदस्य |
| (छ) | गाउँपालिका स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना | -सदस्य |
| (ज) | बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला | |

सहित २ जना -सदस्य

(झ) स्थानीय प्रहरी प्रमुख वा महिला तथा बालबालिका सेवा केन्द्र प्रमुख -सदस्य

(ञ) गाउँपालिका भित्रका अस्पताल वा स्वास्थ्य संस्था मध्ये गाउँपालिकाले मनोनयन गरेका १ जना प्रतिनिधि -सदस्य

(ट) बाल कल्याण अधिकारी -सदस्य सचिव

१५. **<u>गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार ऐन तथा नियमावलीको अधिनमा रही देहाय अनुसार गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(क) समितिको दीर्घकालीन नीति, योजना र बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँपालिकालाई सुझाव दिने,

(ग) गाउँपालिका भित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्यांकन तथा समीक्षा गरी सुझाव दिने,

(घ) गाउँपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा वा तनाव, बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्बर्द्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

(ङ) गाउँपालिका भित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउने । नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री गाउँपालिका अवलम्बन गरी घोषणा गर्ने,

(च) गाउँपालिका भित्रका भौतिक संरचनालाई बालमैत्री र अपाङ्गतामैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी लागू गर्ने,

(छ) बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी गाउँ कार्यपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी स्थानीय बार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाईटमा राख्ने, समिति तथा गाउँपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको बिषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी गाउँपालिका स्तरीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा गाउँपालिकालाई सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न गाउँपालिका र जिल्ला अदालतलाई सहयोग गर्ने ।

(२) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले ऐनको दफा ४८ बमोजिम यस कार्यविधिको अनुसूची-९ मा रहेका बालबालिका मानिनेछन् ।

१६. **समितिको बैठकः** गाउँ बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको लागि बाल बिशेषज्ञ वा बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल सञ्जाल वा बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धी कार्य गर्न गराउन दीर्घकालिन जिम्मेवारी तोक्न सकिनेछ ।

१८. **वडा स्तरीय बाल अधिकार समितिः** (१) गाउँपालिकाले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने गरी वडा स्तरीय बाल अधिकार समिति गठन गर्न सकिनेछः-

| | |
|---|---|
| (क) सम्बन्धीत वडा अध्यक्ष | अध्यक्ष |
| (ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य, | सदस्य |
| (ग) सामुदायिक विद्यालयका प्रध्यानाध्यापक मध्ये १ जना | सदस्य |
| (घ) वडामा रहेको स्वास्थ्य संस्थाको इन्चार्ज | सदस्य |
| (ङ) वडा स्तरीय बाल सञ्जाल/बाल क्लबले तोकेको १ जना बालिका सहित २ जना | सदस्य |
| (च) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा बाल मनोविज्ञ मध्ये अध्यक्षले मनोनयन गरेको कम्तीमा १ जना महिला सहित ३ जना | सदस्य |
| (छ) वडा सचिव | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस बर्ष उमेर पुरा भएको,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(घ) सम्बन्धीत वडाभित्र स्थायी बसोबास भएको ।

(३) उपदफा (२) मा जेसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरु तथा बाल सञ्जाल/बाल क्लबका प्रतिनिधिहरुका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन ।

१९. <u>वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u> (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरुको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने,

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संकलन गर्ने र राय सहित न्यायिक समितिमा पठाउने,

(च) वडास्तरमा बालश्रम, बालविवाह, बेचबिखन, ओसारपसार, बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था तथा सेवाहरुको नक्सांकन गर्ने ,

(ज) बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि बहुपक्षीय निकायहरुसंग समन्वय तथा सहकार्य गर्ने,

(झ) वडामा रहेको बालक्लब, सञ्जाल, समूहको सूची तयार गरी गाउँ बाल अधिकार समितिमा पेश गर्ने,

(ञ) वडामा रहेका बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरुको अनुगमन गरी गाउँ बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने ।

(२) वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था दफा १८ को उपदफा (१) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-८
## स्थानीय बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

२०. <u>स्थानीय बाल कोषको स्थापनाः</u> (१) ऐनको दफा ६३ को उपदफा (१) र (४) बमोजिमको कार्य प्रयोजनको लागि एक स्थानीय बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:

(क) गाउँपालिकाबाट बार्षिक रुपमा विनियोजित बजेटहरु,

(ख) संघ संस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएका जरिवानाबाट प्राप्त हुने सक्ने रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य श्रोत ।

२१. **बाल कोष सञ्चालक समितिः** (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछः-

| | |
|---|---|
| (क) उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) लेखा प्रमुख | सदस्य |
| (घ) गाउँ बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना | सदस्य |
| (ङ) बाल कल्याण अधिकारी | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धीत सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

२२. **बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) तत्कालिन समयमा गाउँपालिका भित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका गाउँ बाल संरक्षण समिति, वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेका बाल कोषमा जम्मा गर्ने गराउने,

ख) बिशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनःस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्वन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ग) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा २४ बमोजिमको बाल कोषको प्रयोग र दफा २५ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने,

घ) बाल कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने ।

२३. **बाल कोष सञ्चालक समितिको बैठकः** बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **<u>बाल कोषको प्रयोगः</u>** बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछः

क) बिशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार र छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

ख) अदालतको आदेश अनुसार गाउँपालिका भित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

२५. **<u>बाल कोष रकमको खर्च सीमाः</u>** (१) बाल कोषको रकम देहायको अवस्था र सीमा भित्र कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना  तथा स्वास्थ्य उपचार सेवाका लागि बार्षिक एक पटक अधिकतम रु. १२ हजारसम्म,

ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च बार्षिक अधिकतम रु. २४ हजारसम्म,

ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत बार्षिक एक पटक अधिकतम प्रति बालबालिका रु. १२ हजारसम्म,

घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणको लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हनेछ ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र सचेतनामूलक जस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन ।

२६. **<u>बाल कोषको खाता सञ्चालनः</u>** (१) बाल कोषको खाता सञ्चालक समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बाल कल्याण अधिकारी वा अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

२७. **<u>बाल कोषको लेखा परिक्षणः</u>** (१) बाल कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) बाल कोषको लेखा परिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-९
## विविध

२८.**<u>प्रोत्साहन पुरस्कारको व्यवस्था:</u>** बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन र प्रवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, बाल सञ्जाल, बाल संस्था तथा संघ संस्थालाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

२९.**<u>व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार:</u>** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

३०.**<u>संशोधन गर्न सक्ने:</u>** यस कार्यविधिलाई आवश्यकताको आधारमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

३१.**<u>यसै कार्यविधि बमोजिम भए गरेको मानिने:</u>** गाउँपालिकाले यो कार्यविधि लागू हुनु भन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

३२.**<u>खारेजी तथा बचाउ:</u>** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ । तर यो कार्यविधि लागू हुनु भन्दा अघि सम्पन्न भइ सकेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

## बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ताको निवेदन ढाँचा

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
घरपझोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ ।

विषयः बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता गरी पाऊँ ।

महोदय,

हामीले ...................................... नामको बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता खोल्न चाहेकोले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५) बमोजिम बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

संलग्न गरिएका कागतजातहरु

१. प्रस्तावित बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको विधान,
२. प्रस्तावित बाल क्लब/बाल सञ्जाल/बाल संस्था
३. बाल क्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण
४. बाल क्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
५. बाल क्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
६. बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने,
७. बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण ।

**निवेदक**

**अध्यक्ष**

## अनुसूची-२

## बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता प्रमाण-पत्र

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

दर्ता प्रमाण-पत्र

दर्ता नं. मितिः

श्री ........................................**बाल क्लब/बाल सञ्जाल/बाल संस्था**
ठेगाना .................. ।

मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका ..... नं. वडाको ..................... विद्यालय/समुदायमा गठन गरिएको बालबालिकाको अधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) अनुसार यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधिनमा रही बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

दस्तखतः

नामः

पद

## अनुसूची-३

## बाल क्लब/बाल सञ्जालको सूचिकृत निवेदन ढाँचा

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
घरपझोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ ।

विषयः बाल क्लब/बाल सञ्जाल सूचीकृत गरी पाऊ ।

महोदय,

हामीले ....................................नामको बाल क्लब/बाल सञ्जाल मिति..............................मा .................................. कार्यालयमा दर्ता भै बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी काममा क्रियाशिल रहदै आएको छ। बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा १४ उपदफा (३) बमोजिम सूचीकृत गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं। हाम्रो यो बाल क्लब/बाल सञ्जालले हालसम्म सम्पन्न गरेका मुख्य मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस बाल क्लब/बाल सञ्जालमा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्य समितिमा रहेका पदाधिकारीहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

संलग्न गरिएका कागतजातहरु

१. बाल क्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,
२. विद्यालयको सिफारिस पत्र,
३. बाल क्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
४. बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण,
५. हालसम्म गरेका मुख्य मुख्य क्रियाकलापहरु ।

**निवेदक**

**अध्यक्ष**

**अनुसूची-४**

**बाल क्लब/बाल सञ्जाल सूचीकृत प्रमाण-पत्र**

**घरपझोङ गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**जोमसोम, मुस्ताङ**

**सूचीकृत प्रमाण-पत्र**

दर्ता नं.                                                                                    मितिः

श्री .........................................**बाल क्लब/बाल सञ्जाल**
ठेगाना .................. ।

मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका ..... नं. वडाको ..................... विद्यालयमा मिति .............................. मा गठन भै बालबालिकाको अधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनका लागि बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०८० बमोजिम सूचिकृत गरी कार्यविधिको दफा १४ को उपदफा (३) अनुसार यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७८ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधिनमा रही बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

दस्तखतः

नामः

पद

## अनुसूची-५

## बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरणको निवेदन ढाँचा

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
घरपझोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ ।

बिषयः बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गरी पाऊँ ।

महोदय,

मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका ..... नं. वडाको ..................... विद्यालय/समुदायमा आधारित हाम्रो ....................................... नामको बाल क्लब/बाल सञ्जाल/बाल संस्था घरपझोङ गाउँपालिकामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) बमोजिम मिति................................. मा दर्ता/सूचीकृत भै क्रियाशिल रहदै आएको छ । हाम्रो दर्ता नं. ......... रहेको छ । यस सिलसिलामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ४ को उपनियम (१) बमोजिम बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो यो बाल क्लब/बाल सञ्जाल/बाल संस्थाले बर्ष भरी सम्पन्न गरेका मुख्य मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस बाल क्लब/बाल सञ्जाल/बाल संस्थामा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्य समितिमा रहेका पदाधिकारीहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

संलग्न गरिएका कागतजातहरु

१. आर्थिक बर्षमा गरेका मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,
२. कार्य समिति सदस्य हेरफेर भएको विवरण ( यदि हेरफेर भएको छ भने मात्र)

**निवेदक**

**अध्यक्ष**

अनुसूची-६

बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको दर्ता/सूचीकृत किताब

## घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## जोमसोम, मुस्ताङ

| सि.नं. | बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. | सम्पर्क नं. | प्रमाण पत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची-७

<u>बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरणको दर्ता किताब</u>

## घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## जोमसोम, मुस्ताङ

| सि.नं. | बाल क्लब/बाल सञ्जाल/बाल संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची-८**

**स्थानीय बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा**

**श्री घरपझोङ गाउँ बाल अधिकार समिति/न्यायिक समिति**
घरपझोङ गाउँपालिका ।

**बिषयः उजुरी सम्बन्धमा ।**

१. विद्यार्थीको नाम थर ........................................................... (आफुलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)
२. कक्षा ..................... (आफूलाई कक्षा लेख्न मन नलागेमा हुने)
३. विद्यालयको नामः ..........................................
४. उमेरः ..............................
५. लिङ्गः .............................
६. गुनासो तथा घटनाको संक्षिप्त विवरणः ........................................................................
........................................................................................................................
७. घटना घटाउने व्यक्ति ................................................।
८. घटनाको प्रकृति .......................................
९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ................................
१०. घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्दछन् ?
........................................................................................................................
........................................................................................................................

निवेदकको दस्तखत
(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

## अनुसूची-९

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिका

(१) अनाथ बालबालिका,

(२) अस्पतालमा बेवारिस अवस्थामा छोडिएका बालबालिका,

(३) कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएका बालबालिका,

(४) बेवारिसे फेला परका बालबालिका,

(५) बाबुआमाबाट अग्लिएका बालबालिका,

(६) बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(७) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(८) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(९) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(१०) जबरजस्तीकरणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(११) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(१२) जबरजस्ती वा बधुँवा प्रकृतिका वा जोखिमपूर्ण वा निष्कृष्ट प्रकृतिको वा प्रचलित कानून विपरित श्रममा संलग्न भई जीपनयापन गरिरहेका बालबालिका,

(१३) धुम्रपान, मद्यपान एवम् अन्य लागू औषधको कूलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका,

(१४) गंभीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गंभीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको बालबालिका,

(१५) सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(१६) बालबालिका विरुद्धको कसुरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(१७) विपद वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबु मध्ये एक गुमाएका बालबालिका,

(१८) बाबुआमा दुवै वा आमा बाबुमध्ये एक बेपत्ता भएका बालबालिका,

(१९) आफै शारीरिक वा मानसिक रुपमा घाइते भएका बालबालिका,

(२०) अपाङ्गता भएका बालबालिका,

(२१) विपन्न दलित समुदायका बालबालिका,

(२२) नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

**आज्ञाले**

**नामः गौरी प्रसाद आचार्य**

**प्रमुख प्रशासकीय अधिकृत**

**मितिः २०८०/०४/३२**